# लोक सेवा आयोग

अनामनगर, काठमाडौं

## **प्रेस विज्ञप्ती**

कोरोना भाईरस रोग (COVID-19) का कारणबाट सिर्जना भएको स्वास्थ्य सुरक्षा संवेदनशीलतालाई दृष्टिगत गर्दै आयोगको केन्द्रीय कार्यालय र अन्तर्गतका कार्यालयहरूमा मिति २०७६ चैत्र ११ गते देखि सञ्चालन हुनेगरी पूर्वनिर्धारित सबै **अन्तर्वार्ता कार्यक्रमहरू** अर्को सूचना प्रकाशन नभएसम्मका लागि **स्थगन गर्ने** गरी लोक सेवा आयोगको मिति २०७६ चैत्र ९ गतेको बैठकबाट निर्णय भएको छ।

उपर्युक्त निर्णयबाट आयोगको केन्द्रीय कार्यालयमा सञ्चालन हुने निजामती सेवा तर्फ नेपाल प्रशासन सेवा, राजपत्रांकित प्रथम श्रेणी, सहसचिव वा सो सरह पदका अन्तर्वार्ता कार्यक्रमहरू एवं आयोगका विभिन्न कार्यालयहरूबाट सञ्चालन हुने स्थानीय तह तर्फ चौथो तहका सहायक महिला विकास निरीक्षक पदका अन्तर्वार्ता कार्यक्रमहरू स्थगित भएका छन्।

गीता कुमारी होमेगाईं
प्रवक्ता

२०७६ चैत्र ९ गते, आइतवार